# गौरीगङ्गा राजपत्र


गौरीगङ्गा नगरपालिकाद्वारा प्रकाशित

खण्ड २ चौमाला, कैलाली साउन २८ गते शुक्रवार , २०७५ साल (संख्या १)


## भाग - १

## गौरीगङ्गा नगरपालिकाको टोल विकास समिति सञ्चालन कार्यविधि, २०७५

**प्रस्तावना:** नगरपालिकाको निश्चित भौगोलिक क्षेत्रभित्र रहेका सबै घरधुरी सदस्य रहने गरी सामुहिक प्रयासमा टोलको संस्थागत, सामाजिक तथा आर्थिक विकास, स्थानीय स्तरमा सुशासन प्रर्वद्धन गर्न गठित टोल विकास समितिलाई वडा समितिको मातहत तथा सहयोगिको रुपमा रहने गरि सेवा सुविधाको पहुँच बढाउन र टोल बिकास समितिको कामलाई व्यवस्थित गर्न बान्छनीय भएकाले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी गौरीगङ्गा नगरकार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

१ **संक्षिप्त नाम, प्रारम्भ र विस्तार** : क) यो कार्यविधिको नाम गौरीगंगा नगरपालिक ाको “टोल विकास समिति सञ्चालन कार्यविधि २०७५” रहेको छ ।

ख) यो कार्यविधि नगरपालकिा भर पारित भएको मितिले तुरुन्त लागु हुने छ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) “टोल विकास समिति” भन्नाले दफा ३ बमोजिम गठित समितिलाई सम्झनुपर्छ ।

ख) “टोल विकास समितिको कार्यसमिति” भन्नाले दफा ३ (ख) बमोजिम गठित समितिलाई सम्झनुपर्छ ।

ग) “साधारण सभा” भन्नाले टोल विकास समितिका प्रत्येक घरधुरीबाट प्रतिनिधित्व गर्ने साधारण


गौरीगंगा राजपत्र

सदस्य सहितको वार्षिक भेलालाई जनाउँदछ । सो शब्दले विषेश साधारण सभा र टोल भेला समेतलाई जनाउनेछ ।

घ) "सामुदायिक विकास अभियान" भन्नाले परिश्रम, स्वयंसेवा, सहकार्य र ईमान्दारीताका मुल्य र मान्यतामा आधारित अभियान कार्यक्रम भन्ने बुझाउनेछ ।

ङ) "सामाजिक समावेशीकरण" भन्नाले समुदायका सबै लिङ्ग, जात, जाति, भाषा, वर्ग, धर्म, व्यवसाय र सबै क्षेत्रका व्यक्तिको पहुँच रहेको अवस्था जनाउनेछ ।

२.उद्देश्य : टोल विकास समिति गठन गर्नुका मुख्य उद्देश्यहरु निम्न अनुसार छन् ।

क) टोल वस्ती स्तरमा विभिन्न निकायहरुबाट प्रवाह हुने सेवामा टोलवासीको पहुँच अभिबृद्धि गर्ने ।

ख) टोलवासीहरुमा उद्यमसिलताको विकास गराई टोल स्तरमा लघुउद्यमको सृजना, विकास र प्रवर्द्धन गर्ने ।

ग) टोल वस्तीस्तरमा समानता, समताको भावना जागृत गराउने, आपसी सदभाव, समझदारी, समन्वय र मेलमिलाप कायम गराउने ।

घ) आर्थिक सामाजिक सवालमा सबै टोलवासीहरुलाई निर्णय प्रकृयामा समान अवसर र अधिकार प्रदान गर्ने ।

ङ) टोलको सामाजिक कार्यमा पारदर्शिता कायम गरि सुशासनलाई बढावा दिने ।

च) टोल/बस्ती स्तरमा सबै संस्थाहरुको प्रवेशद्धारको रुपमा टोल विकास समितिलाई विकास गर्दै विभिन्न निकायहरुबाट संचालन हुने विकास कार्यमा सहयोग गर्ने ।

छ) टोल विकास समितिहरुले सहभागितात्मक योजना तर्जुमा, अनुगमन एवम् मुल्याङ्कन प्रकियामा सहयोग पुर्‍याउने ।

ज) टोलका सदस्यहरुको गरिबीलाई नेपाल सरकारले तोकेको आधारमा वर्गीकरण गरि तिनिहरुको अभिलेख तयार गर्ने ।

झ) टोलको समग्र विकास लगायत सामुदायिक विकास अभियानका कार्यक्रम कार्यान्वयनको लागि सक्रिय हुने ।

ञ) वातावरण र सरसफाई, बालमैत्री नगर/वडा घोषणा, प्राङ्गरिक खेती बिस्तार, नश्ल सुधार, उद्यमसिलता विकासका अभियान संचालन गर्ने ।

ट) टोल विकास समितिमा रहेका सामुदायिक, सार्वजनिक स्थल, सम्पत्तिहरुको संरक्षण संर्वद्धन गर्ने ।

ठ) टोल विकास समितिले समुदायमा भाषा, संस्कृति, कला, भेषभूषा आदिको संरक्षण, सम्बर्द्धन प्रवर्द्धन गर्ने कार्यमा सहयोग गर्नेछ ।

गौरीगंगा राजपत्र

**३. टोल विकास समितिको गठन** : टोल विकास समितिको गठन देहाय बमोजिम हुनेछ ।

क) नगरपालिका क्षेत्रभित्रका टोल तहमा रहेका घरपरिवारका सदस्यहरुबाट टोल विकास संस्थाको गठन गरिनेछ । सामान्यतया निश्चित भौगालिक क्षेत्रको टोलमा न्युनतम ५०  घरधुरी नभए सम्म सो टोलमा टोलविकास समिति गठन गर्न सकिने छैन तर कुनै निश्चित भौगालिक क्षेत्रको टोलमा १०० भन्दा बढि घरधुरी भएको हकमा न्युनतम १०० घरधुरी कायम गरी बढी हुने न्युनतम घरधुरी संख्या (५०) लाई आधार मानेर मात्र अर्को टोलविकास समिति गठन गर्न सकिनेछ । टोल विकास समिति गठन गर्दा सकेसम्म टोलका सर्म्पूण घरधुरीलाई एक घर एक साधारण सदस्यको रुपमा समेटनु पर्नेछ । सो सम्भव नभए कम्तिमा ८०% घरधुरी सहभागी गराई टोल विकास समिति गठन गरिनेछ । टोल विकास समितिमा सहभागि भएका मध्ये न्यूनतम ५०% महिला आबद्ध गराउनु पर्नेछ ।

ख) पहिलो पटकका लागि टोल विकास समिति गठन गर्दा समुदायको व्यापक भेला गरी साधारण सदस्यहरु मध्येबाट अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र सदस्य गरी अधिकतम ११ सदस्यीय एक कार्य समिति गठन हुनेछ । उक्त कार्य समितिमा न्यूनतम ५० प्रतिशत महिलाको प्रतिनिधित्व गराउनु पर्नेछ । समितिमा यथासंभव सबै वर्ग र समुदायको सामाजिक समावेसिकरण हुनेगरी प्रतिनिधित्व गराउनु पर्नेछ ।

ग) सम्वन्धित टोलका टोल विकास समितिमा आबद्ध भएका सबै घरधुरी समितिका साधारण सदस्य हुनेछन् ।

घ) टोल विकास कार्य समितिको पदावधि २ वर्षको हुनेछ । साधारण सभाको सर्वसम्मत वा सो नभएमा बहुमतबाट नेतृत्व परिर्वतन हुनेछ । अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष भएको व्यक्ति पुनः सोहि पदमा लगातार अर्को कार्यकाल निर्वाचित हुनेछैन । कार्यसमितिमा अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कुनै एक जना अनिवार्य रुपमा महिला हुनुपर्नेछ ।

ङ) निवर्तमान अध्यक्षको संयोवकत्वमा ३ सदस्यीय सल्लाहकार समितिको गठन गरिनेछ । सल्लाहकार समितिको संयोजक टोल विकास कार्य समितिको वैठकमा आमन्त्रित सदस्यको रुपमा सहभागि  हुनेछ ।

च) टोल विकास समितिको विधान (अनुसुचि १) मा उल्लेखित ढाँचा विधानका आधारमा टोल विकास समितिको बमोजिम हुनुपर्नेछ ।

**४. टोल विकास समितिको दर्ता/सूचिकृत** : टोल विकास समितिको दर्ता/सूचिकृत देहाय बमोजिम हुनेछः

क) टोल विकास समितिको बैठकमा सर्वसम्मत निर्णय गराई वडा समितिको सिफारिसमा नगरपालिकाले दर्ता/सूचिकृत गर्नेछ । टोल विकास समितिलाई नगरपालिकामा दर्ता/ सूचिकृत गर्दा अनुसूची २ मा उल्लेखित ढाँचाको निवेदन बमोजिम पेश गर्नुपर्नेछ । टोल विकास समितिबाट निर्णय गरि दर्ताका लागि निवेदन पेश गरेमा नगरपालिकाले (अनुसुची ३) बमोजिमको ढाँचामा टोल विकास समिति दर्ता प्रमाणपत्र प्रदान गर्नेछ ।

ख) नगरपालिकाले अनुसूची ३ बमोजिमको ढाँचामा टोल विकास समितिलाई दर्ता प्रमाण पत्र

प्रदान गर्नेछ ।

ग) टोल विकास समितिको कार्यसमितिले यस कार्यविधि बमोजिमका उद्देश्य विपरित कुनै काम गरेमा वा प्रचलित कानुनले गर्न नपाउने कार्य गरेमा वडा समितिको सिफारिसमा नगरपालिकाले टोल विकास समितिको कार्य समिति खारेज गर्न सक्नेछ । यसरी खारेज भएको कार्यसमिति खारेज भएको मितिले ३० दिन भित्र नयाँ कार्य समिति गठन गर्नु पर्नेछ

५. **टोल विकास समितिको काम, कर्तव्य र अधिकार** : टोल विकास समितिले आफ्नो टोल क्षेत्रको समग्र विकास र सदस्यहरुको हितका लागि देहायका कार्यहरु गर्नेछन् ।

क) टोलका सबै सदस्यहरुलाई निर्णय, प्रकृया र श्रोतमा समान अधिकार प्रदान गर्ने ।

ख) विभिन्न सरकारी एवं गैर सरकारी निकायहरुसँग सुमधुर सम्बन्ध स्थापित गरी टोलको विकासको लागि सहजीकरण गर्ने ।

ग) टोलमा उद्यम विकाससँग सम्बन्धित योजनाहरु सञ्चालन गर्न आवश्यक सहजीकरण गर्ने ।

घ) टोलको विकासका लागि विभिन्न श्रोतबाट प्राप्त श्रोतको उच्चतम् सदुपयोग गर्ने ।

ङ) अन्धविश्वास, बालविवाह, बहुविवाह जस्ता सामाजिक समस्याको पहिचान गरी सुधारका कार्यक्रमहरु सञ्चालन गर्ने ।

च) टोलको आर्थिक तथा सामाजिक तथ्याङ्क अध्यावधिक गर्न सूचना अभिलेख गर्ने ।

छ) सहभागितात्मक योजना तर्जुमा गर्दा प्राथमिकताको आधारमा आयोजनाहरुको पहिचान गरी वडामा सिफारिस गर्ने ।

ज) टोलमा विभिन्न सरकारी तथा गैरसरकारी संस्था मार्फत हुने कार्यक्रमहरु टोल विकास समितिको सहजिकरण मार्फत संचालन हुने वातावरण श्रृजना गर्ने ।

झ) आफनो वडा तथा टोललाई सामुदायिक विकास अभियान संग सम्बन्धित स्वास्थ्य तथा वातावरणमैत्री, बालमैत्री, प्राङ्गगारिक खेती विस्तार, नश्ल सुधार, उद्यमशिलता बनाउने कार्यक्रमहरु संचालन गर्ने ।

ञ) टोलमा भवन निर्माण मापदण्ड, समाजिक सुरक्षा भत्ता आदि सामाजिक सरोकारका विषयमा चेतनामूलक कार्यक्रम संचालन गर्ने ।

ट) टोलमा रहेका सार्वजनिक, ऐलानी जग्गाको संरक्षणमा नगरपालिकालाई सहयोग गर्ने ।

ठ) नगरपालिकाको राजश्व परिचालनका लागि सहयोग प्रदान गर्ने ।

ड) समितिमा प्राप्त रकमको समितिको नीति बमोजिम रकम खर्च गर्ने । लेखा राख्ने र लेखा परिक्षण गराउने ।

ढ) टोल विकास समितिले भाषा, संस्कृति, कला, भेषभूषा आदिको संरक्षण सम्बर्द्धन र प्रवर्द्धन गर्ने

गराउनेछ ।

ण) नगरपालिकासँग भएको साझेदारी अनुसार अन्य कार्य गर्ने ।

६. **टोल विकास कार्यसमितिको वैठक** : टोल विकास कार्यसमितिको बैठक व्यवस्थापन देहाय बमोजिम हुनेछ ।

क) टोल विकास समितिका सदस्यहरुको हित एवं समन्वयका लागि टोल विकास समितिको कार्यसमितिको बैठक महिनामा कम्तिमा १ (एक) पटकमा नघट्ने गरी बस्नेछ ।

ग) समितिको वैठकमा आवश्यकता अनुसार सरोकारवालालाई आमन्त्रित गर्न सकिनेछ ।

घ) सचिवले संस्थाको वैठकको निर्णयहरु वैठक पुस्तिकामा लेखि अध्यक्षबाट प्रमाणित गराउनु पर्नेछ ।

ङ) टोलभेला वा साधारण सभा वा विषेश साधारण सभा संचालन गर्दा तत्काल कायम रहेको सम्पुर्ण सदस्य संख्याको बहुमतको उपस्थितिमा हुनपर्नेछ ।

च) बैठकको अन्य कार्यविधिहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

८. **आर्थिक व्यवस्थापन** : समितिको आम्दानी, खर्च, नाफा, लेखा, लेखा परिक्षण लगायत आर्थिक व्यवस्थापन देहाय बमोजिम हुनेछः

क) टोल विकास समितिको आम्दानी

१. विभिन्न सरकारी तथा गैरसरकारी निकायहरु, विभिन्न सामुदायिक संस्था तथा व्यक्तिहरुबाट कानुन बमोजिम प्राप्त हुने सहायता र अनुदान ।

२. टोल विकास समितिले कानुन बमोजिम प्राप्त हुने आयमूलक कार्यहरु संचालन गरी प्राप्त हुने आम्दानी ।

३. समितिले अन्य श्रोतबाट जम्मा गरेको रकम ।

ख) खर्च प्रणाली

१. समितिको विकास निर्माणको लागि टोल विकास कोषको रकम समितिको निर्णय अनुसार खर्च  हुनेछ ।

२. समितिको संचालन, व्यवस्थापन र लेखा परिक्षणका लागि गर्नुपर्ने खर्चहरु टोल विकास समितिको नीति र प्रचलित कानुन अनुसार खर्च हुनेछ ।

ग) नाफा

१. टोल विकास समितिले आर्जन गरेको आम्दानीबाट खर्च कटाई बाँकी रहेको रकम संस्थाको नाफा मानिनेछ ।

गौरीगंगा राजपत्र

२. नाफाको कम्तिमा २० (बिस) प्रतिशत रकम टोलको पूर्वाधार र सामाजिक क्षेत्रको विकासका लागि खर्च गर्नु पर्नेछ ।

घ) लेखा व्यवस्थापन : समितिको लेखा व्यवस्थापन देहाय बमोजिम हुनेछ ।

१. कोषाध्यक्षले सबै प्रकारको नगदी तथा जिन्सी आम्दानी, सम्पूर्ण विकास खर्चको विवरण समितिको संचालन तथा व्यवस्थापनमा भएको प्रशासनिक खर्चहरुको स्पष्ट लेखा राख्नुपर्दछ ।

२. कोषाध्यक्षले राखेको आम्दानी खर्चको हिसाब टोल विकास समितिमा त्रैमासिक बैठकमा पेश गर्नुपर्दछ ।

३. लेखा परिक्षण गराउनु अघि अनिवार्य सामाजिक परिक्षण गराउनु पर्नेछ ।

ङ) लेखा परिक्षण : समितिको लेखा परिक्षण देहाय बमोजिम हुनेछ ।

१. नगरपालिकामा सूचिकृत भई समितिले नियुक्त गरेको लेखापरिक्षकबाट लेखापरिक्षण गराउनु पर्नेछ ।

२. समितिले आफनो वार्षिक लेखा परिक्षणको प्रतिवेदन टोलभेलाबाट पारित गराई नगरपालिकामा समेत पेश गर्नुपर्नेछ ।

९. **पुरस्कार, सम्मान र कदर** : समुदायको विकासमा उत्कृष्ट कार्य गर्ने टोल विकास समितिका व्यक्ति वा समितिलाई वडा समिति वा नगरपालिकाले सम्मान, कदर एवं पुरस्कृत गर्न सकिनेछ ।

**१०. अनुगमन तथा मूल्याङ्कन**

क) वडा समितिले आफ्नो क्षेत्र भित्रका टोल विकास समितिको नियमित रुपमा अनुगमन गरी प्राप्त कमी कमजोरीहरुको सुधारका लागि सुझावहरु दिन सक्नेछ ।

ख) नगरपालिकाले समग्र नगर क्षेत्र भित्रको टोल विकास समितिहरुको आवश्यकता अनुसार अनुगमन गर्नुका साथै वडा समिति वा टोल विकास समितिहरुलाई निर्देशन गर्न सक्नेछ ।

**११. संसोधन** : यस कार्यविधिलाई व्यवस्थित र प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यकता अनुसार नगर कार्यपालिकाले संसोधन वा खारेज गर्न सक्नेछ ।

**१२. बचाउ तथा खारेजी** : यस अघि गठन भएका सबै टोल बिकास समितिहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ । यस कार्यविधिमा व्यवस्था भएका कुराहरु, स्थानीय सरकार संचालन ऐन, २०७४ सँग बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

गौरीगङ्गा राजपत्र

## अनुसूची - १

## ………………………. टोले विकास समितिको विधानको नमूना

प्रस्तावना :

स्थानीय रुपमा उपलब्ध श्रम, सीप र साधन तथा अवसरहरुलाई अधिकतम परिचालन गर्दै नगरको सामाजिक तथा आर्थिक व्यवस्थालाई एकअर्काको परिपुरकको रुपमा विकसित गरी गरिबी न्यूनीकरणका प्रयासमा ठोस योगदान, सहभागितामुलक योजना तर्जुमा गर्ने तथा आफ्नो टोलको समग्र विकास गर्ने वातावरण सिर्जना गर्न यो ………………….. टोल विकास समितिको स्थापना गरी संचालन गर्न वान्छनिय भएकोले यो विधान बनाईएको छ ।

१. **प्रारम्भिक :** संक्षिप्त नाम र प्रारम्भ

(क) यो विधान ……………….. टोल विकास समितिको विधान हुनेछ ।

(ख) यो समितिको नाम ………… हुनेछ ।

(ग) यो विधान …………………… टोल विकास समितिको साधारण सभाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

(घ) यस समितिको कार्यालय …………. मा हुनेछ ।

(ङ) यस समितिको सिमाना देहाय बमोजिम हुनेछ :

पूर्व ……………………………………

पश्चिम…………………………………

उत्तर ……………… ………………

दक्षिण ……………………………….

२. **परिभाषा :** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा,

क) “समिति” भन्नाले ……………. टोल विकास समितिलाई सम्झनु पर्दछ ।

ख) “विधान” भन्नाले टोल विकास समितिको विधानलाई सम्झनु पर्दछ ।

ग) “साधारण सभा” भन्नाले समितिको साधारण सदस्यको भेलालाई सम्झनु पर्दछ ।

घ) “कार्यसमिति” भन्नाले टोल विकास समितिको कार्यसमिति सम्झनु पर्दछ ।

गौरीगंगा राजपत्र

ङ) “बैठक” भन्नाले समितिको बैठक सम्झनु पर्दछ ।

च) “पदाधिकारी” भन्नाले कार्यसमितिका अध्यक्ष, कोषाध्यक्ष, सचिव र सदस्यलाई सम्झनु पर्दछ।

**३. संगठित समिति हुने :**

क) समितिको आफनै छुटै छाप हुनेछ । साथै समितिले व्यक्ति सरह आफ्नो नामबाट कार्य गर्न सक्नेछ ।

ख) समितिले चल-अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न सक्नेछ । तर समितिले आफ्नो अचल सम्पत्ति विक्रि गर्न भने पाउने छैन । समिति विगठन भए सो समितिको सम्पूर्ण चल अचल सम्पत्ति नगरपालिकामा हस्तान्तरण हुनेछ ।

४. **समितिको उद्देश्यहरुः** समितिको संस्थागत, सामाजिक तथा आर्थिक विकासका लागि देहाय बमोजिमको उद्देश्य हुनेछ ।

क) टोल स्तरमा सक्षम र दिगो स्वायत्त समितिको विकास गर्ने ।

ख) टोलका व्यक्तिहरुको आयमा बृद्धि गर्ने कार्यक्रम संचालन गरी गरिबी न्यूनिकरणमा मद्दत पुऱ्याउने ।

ग) स्थानीय स्तरको विकास प्रक्रियालाई दिगो र आत्मनिर्भर बनाउन स्थानीय स्तरको समुदायको ब्यक्तिहरुको क्षमता विकास कार्यक्रम कार्यान्वयनमा टेवा पुऱ्याउने ।

घ) समितिलाई सहभागितात्मक योजना तर्जुमा, अनुगमन तथा मुल्याङ्कन प्रक्रियामा सक्रिय सहभागित बनाउने ।

५. **टोल विकास कार्य समितिको गठन** : टोल विकास कार्य समितिको गठन देहाय बमोजिम हुनेछ :

क) नगरपालिका को निश्चित भौगोलिक क्षेत्रभित्रका टोल तहमा रहेका घरपरिवारका सदस्यहरुबाट टोल विकास समितिको गठन गरिनेछ ।

ख) पहिलो पटकका लागि टोल विकास समितिको बृहत भेलाबाट अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र आवश्यक्ता अनुसारको सदस्यहरु रहेको एक टोल विकास कार्य समिति गठन हुनेछ । दोश्रो पटकको हकमा यस्तो कार्य समिति साधारण सभाको सर्वसम्मत वा सो नभएमा बहुमतबाट पूनःगठन हुनेछ । टोल विकास कार्य समितिको अवधि २ वर्षको हुनेछ । एकपटक अध्यक्ष, उपाध्यक्ष र सचिव भएको व्यक्ति पुनः सोहि पदमा लगतै दुई वर्षको अवधि व्यतित नभई निर्वाचित हुने छैन । कार्य समिति कम्तिमा ५० प्रतिशत सदस्यहरु र अध्यक्ष र कोषाध्यक्षहरु मध्ये कुनै एक जना अनिवार्य रुपमा महिला हुनुपर्नेछ ।

ग) टोल विकास समितिको गठन गर्दा सकेसम्म टोलका सम्पूर्ण घरधूरीलाई समेट्नु पर्दछ । यदि सो सम्भव नभए कम्तीमा ७५ (पचहत्तर) प्रतिशत घरधूरी सहभागि गराई टोल विकास समिति गठन गरिनेछ । टोल विकास समितिमा सहभागी भएका सदस्यहरुमध्ये कम्तीमा ५०

गौरीगंगा राजपत्र

प्रतिशत महिला आवद्ध गराउनुपर्नेछ ।

६. **समितिको कार्यहरु** : टोल विकास समितिको कार्यहरु देहाय बमोजिम हुनेछन् ।

क) प्रत्येक टोल स्तरमा सम्भव भएसम्म सबै घरपरिवार सहभागी भएको टोल विकास समिति गठन गर्ने ।

ख) समितिको सदस्यहरुलाई उद्यमशिलता तर्फ अग्रसर गराउन आवश्यक पहल गर्ने सोहि बमोजिमको कार्यक्रमहरु संचालन गर्ने ।

ग) टोलमा आईपरेको समस्याहरु समाधान गर्न एकअर्कामा भाईचारा सम्बन्ध कायम गरी सभ्य समाजको सृजना गर्ने ।

घ) उपलब्ध श्रोतको समुचित परिचालन गर्दै टोलको समग्र विकासका लागि टोल विकास योजना बनाउने ।

ङ) अशिक्षा, अन्धविश्वास, बोक्सी, छाउपडी प्रथा, बाल विवाह, वहु विवाह , जस्ता विषयहरुको बारेमा सम्पूर्ण टोल विकास समितिका सदस्यहरुलाई चेतना अभिबृद्धि गर्ने ।

च) आफ्नो टोल तथा सार्वजनिक संस्थामा बृक्षारोपण गर्ने ।

छ) आफ्नो वडा तथा टोललाई वातावरण मैत्री बनाउने विविध कार्यक्रमहरु संचालन गर्ने ।

ज) टोलमा बसोवास गर्ने बासिन्दाका बीचमा भवन निर्माण मापदण्ड, सामाजिक सुरक्षा भत्ता लगायतका समाजिक सरोकारका विषयहरुमा विभिन्न चेतनामूलक कार्यक्रम संचालन गर्ने।

झ) आफ्नो टोल वस्तीलाई नमुना वस्तीको रुपमा विकास गर्न सहयोग गर्ने ।

ञ) आफ्नो क्षेत्रमा भवन संहिता तथा मापदण्डको कार्यान्वयनमा सहयोग गर्ने ।

ट) पूर्ण साक्षर, पूर्ण खोप, पूर्ण घटना दर्ता आदी नगरपालिकालाई सहयोग गर्ने ।

ठ) टोलमा रहेको सार्वजनिक, पर्ति, एलानी आदी जग्गाको संरक्षणमा नगरपालिकालाई सहयोग गर्ने ।

ड) समितिको अध्यक्ष, कोषाध्यक्ष तथा सचिवको चयन सर्वसम्मतिमा वा सो नभएमा बहुमतमा गर्ने ।

ढ) नगरपालिकाको राजस्व परिचालनमा सहयोग गर्ने ।

ण) नगरपालिका संग भएको समझदारी अनुसारका अन्य कार्यहरु गर्ने ।

७. **सदस्यता** : समितिको सदस्यता देहाय बमोजिम हुनेछ ।

गौरीगंगा राजपत्र

क) यस विधानको उद्देश्य बमोजिम समितिप्रति श्रद्धा र निष्ठा राखी विधानलाई स्वीकार गर्ने स्थानिय टोलबासी यस समितिको सदस्य हुनेछ ।

ख) सदस्य बन्ने इच्छुक नयाँ टोलबासीलाई समितिले तोकेबमोजिम दरखास्त दिएमा कार्यसमितिको वैठकबाट स्वीकृतगरी सदस्यता प्रदान गरिनेछ ।

८. **सदस्यता नरहने:** देहाय अवस्थामा सदस्य रहने छैन ।

क) सदस्यको मृत्यु भएमा ।

ख) सदस्यले दिएको सदस्यता परित्यागको लिखित निवेदन कार्यसमितिले स्वीकृत गरेमा । तर कार्यसमितिको निर्णय उपर चित्त नबुझेमा साधारण सभामा पेश गर्ने र साधारणसभाको निर्णय अन्तिम हुनेछ ।

ग) सदस्यता शुल्क नतिरेको वा समितिको निर्णय पालन नगरेमा समितिले निर्णय गरी सम्पूर्ण सदस्यलाई जानकारी गराएकामा ।

घ) समितिलाई हानी नोक्सानी हुने कार्य गरेमा वा नैतिक पतन, आर्थिक अनियमितता वा भ्रष्टचार गरेको अभियोग प्रमाणित भई सजाय पाएको कारण देखाई समितिले सदस्यबाट हटाउने निर्णय गरेमा ।

तर सम्बन्धित सदस्यलाई सफाई दिने अवसरबाट बञ्चित गरिने छैन । यस सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार साधारण सभाको हुनेछ ।

ङ) नेपालको प्रचलित कानुको निषेध गरेको कार्य गरेमा ।

९. समिति गठन एवं कार्य संचालन गर्ने विधि समितिको गठन एंव कार्य संचालन विधि देहाय बमोजिम हुनेछ :

क) निश्चित भौगोलिक क्षेत्रका व्यक्तिहरुको सर्वसम्मत निर्णयबाट टोलको क्षेत्र निक्यौंल गरेपछि त्यस टोलभित्र बसोवास गर्ने अधिकाशं घरधूरीहरुको उपस्थितिमा समिति गठन गरिनेछ ।

ख) टोल विकास समिति गठन गर्दा उपस्थित भएको व्यक्तिहरुले गरेको सर्वसम्मत निर्णयको आधारमा आधारमा एक - एक जना अध्यक्ष, कोषाध्यक्ष र सचिव र अन्य घरधूरीहरु सदस्य हुनेछन् ।

ग) समितिमा कम्तिमा ४५ प्रतिशत महिला सदस्य हुनेछन् । अध्यक्ष, कोषाध्यक्ष र सचिव मध्ये कम्तिमा १ जना महिला हुनेछ ।

१०. समितिको पदाधिकारीको काम, कर्तव्य र अधिकार: समितिको पदाधिकारीको काम, कर्तव्य र

अधिकार देहायबमोजिम हुनेछन् :

क) अध्यक्षको काम, कर्तव्य र अधिकार :

१) समितिको नियमित बैठक बोलाउने ।

२) बैठकको अध्यक्षता गरी बैठक संचालन गर्ने ।

३) बैठकमा अनुशासनको पालना गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने

४) छलफल हुदा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।

५) निर्णयहरु लागु गर्ने र गर्न लगाउने ।

६) सचिव र कोषाध्यक्षलाई आवश्यक अनुसार सहयोग पुऱ्याउने ।

७) समितिले आर्जन/प्राप्त गरेको नगद वा जिन्सी सामानहरुको सुरक्षाको प्रवन्ध मलाउने ।

८) आवश्यक कार्यमा समितिको प्रतिनिधित्व गर्ने वा गराउने ।

९) विशेष बैठकहरुको आवश्यक्ता परेमा सबै कार्यसमिति सदस्यहरुको सहमतिमा बैठक बोलाउने ।

ख) समितिको सचिवको काम, कर्तव्य र अधिकार

१) अध्यक्षको आदेश अनुसार बैठक बोलाउने ।

२) अध्यक्षको अनुपस्थितीमा बैठकको अध्यक्षता गर्ने ।

३) एक तिहाई सदस्यहरुले विशेष बैठकका लागि लिखित माग गरेमा विशेष बैठक बोलाउने ।

४) बैठक पुस्तिकामा उपस्थिती गराउने ।

५) छलफलको प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय प्रमाणित गराउने ।

६) समितिको क्रियाकलापका बारेमा सदस्यलाई जानकारी गराउने

७) तोकिएको अन्य कार्य गर्ने ।

ग) समितिको कोषाध्यक्षको काम, कर्तव्य र अधिकार

१) समितिले गरेको आर्थिक कारोबारको लेखा परिक्षण गराउने ।

गौरीगंगा राजपत्र

२) बैकमा संयुक्त रुपमा खाता संचालन गर्ने ।

३) अन्य सदस्यहरु संग समन्वय राखी सहयोग लिने दिने ।

४) समितिको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षण गर्ने ।

घ) समितिको सदस्यहरुको काम, कर्तव्य र अधिकार

१) नगरपालिकासंग भएको साझेदारी पत्रमा उल्लेखित सर्त अनुसार गनुपर्ने कामहरु गर्ने ।

२) समितिको हिसावकिताव चेक गर्ने ।

३) समितिका पदाधिकारीहरुले गरेका कामको मुल्याङ्कन नियमित रुपमा गर्ने ।

४) समिति संचालनका लागि आवश्यकता अनुसार नीति वनाउन सहयोग गर्ने ।

५) बैठकमा उपस्थित भई प्रत्येक छलफलमा भाग लिने ।

११. साधारण सभाको गठन र कार्य प्रणाली  साधारण सभाको गठन र कार्य प्रणाली देहाय बमोजिम हुनेछ :

क) समितिको सम्पूर्ण सदस्यहरु रहेको एक साधारण-सभा हुनेछ ।

ख) समितिको साधारण सभाको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ । निजको अनुपस्थितीमा निजको सचिव र निजको पनि अनुपस्थितीमा समितिको जेष्ठ सदस्यले गर्नेछ ।

ग) साधारणसभा समितिको सर्वोच्च निकाय हुनेछ ।

१२. साधारण सभाको काम, कर्तब्य र अधिकारः साधारण सभाको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ

क) समितिको साधारण सभाको सल्लाह प्राप्त गर्न उचित देखी पेस भएका विषयमा सल्लाह दिने,

ख) लेखापरीक्षक नियुक्ति गर्ने ।

ग) समितिको लेखापरिक्षकको प्रतिवेदन पारित गर्ने ।

घ) कार्य समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।

ङ) कार्य समिति सम्बन्धमा भएका उजुरी सुन्ने र निर्णय दिने ।

च) समितिको विधान संशोधन गर्ने ।

छ) आवश्यकता अनुसार सल्लाहकारको मनोनयन गर्ने ।



गौरीगंगा राजपत्र

ज) समितिको वार्षिक कार्ययोजना स्वीकृत गर्ने ।

१३.आर्थिक व्यवस्था

क) समितिको देहायबमोजीम आर्थिक स्रोत हुनेछ

१. कानुन बमोजिम सरकारी तथा गैरसरकारी संस्थाबाट प्राप्त हुने अनुदान ।

२. समितिको कृयाकलापको सिलसिलामा प्राप्त हुने आय वा पुरस्कार ।

३. अन्य आम्दानी ।

ख) प्रत्येक असार मसान्तमा लेखा परीक्षण पश्चात विवरण साधारण सभामा प्रस्तुत गर्ने जिम्मेवारी समितिको हुनेछ ।

ग) समितिको नाममा प्राप्त वा खरीद चल-अचल सम्पतिको परिचालन र प्रयोग प्रचलित कानुन बमोजीम हुनेछ ।

१४. कार्यसमिति तथा पदाधिकारीको राजीनामा

क) समितिका सदस्यहरुले आफ्नो पदबाट राजीनामा दिन चाहेमा अध्यक्ष समक्ष लिखितरुपमा दिन सक्नेछन ।

ख) अध्यक्षले आफ्नो राजीनामा सचिव मार्फत समितिको बैठकमा पेश गर्नुपर्नेछ र सो उपर समितिले निर्णय गरे बमोजीम हुनेछ ।

१५. कार्य समितिका अध्यक्ष एवं पदाधिकारीहरु उपर समितिका सदस्यहरुले अविश्वासको प्रस्ताव पेश गर्न चाहेमा यथोचित कारण देखाई समितिका २५% सदस्यहरुले विशेष साधारण सभा माग गरेमा विशेष साधारण सभा राखी अविश्वासको प्रस्ताव पेश गर्न सक्नेछन । भेलाले अविश्वासको प्रस्ताव उपर छलफल हुने गरी निर्णय भएमा सम्भव भए सम्म बहुमतलाइ भन्दा सर्वसहमत लाई जोड दिइनेछ ।

१६. विविध :क) विधान संसोधन गर्नुपर्ने भएमा कार्य समितिले स्वीकृत गरेपछि साधारणसभामा पेश गरिनेछ । साधारण सभामा उपस्थित सदस्यहरुको दुईतिहाई बहुमतले बिधान संशोधन हुनेछ ।

ख) प्रचलित ऐन, नियमहरुसंग बाझीएका बुंदाहरु हदसम्म स्वत खारेज हुनेछ ।

गौरीगङ्गा राजपत्र

## अनुसूची-२

## टोल विकास समिति दर्ता गर्ने निवेदनको नमूना

मिति-................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू

गौरीगङ्गा नगर कार्यपालिकाको कार्यालय

चौमाला, कैलाली

विषय- समिति दर्ता सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस नगरपालिकाद्वारा संचालित वडा नं. ......को...........................टोलमा रहेका ........घरधुरीहरमा गठन गरिएको.............................टोल विकास समितिलाई गौरीगङ्गा नगरपालिकाको कार्यालयमा दर्ता सुचिकृत गरिदिनुहुन अनुरोध गर्दछु । यस .....................टोल विकास समितिको क्षेत्र निम्न उल्लेखित चार किल्ला भित्र सिमित रहनेछ ।

पुर्व सिमाना ..................

पश्चिम सिमाना..............

उत्तर सिमाना................

दक्षिण सिमाना ..............

निवेदक

.........................

गौरीगंगा राजपत्र

## अनुसूची ३

## टोल विकास संस्थालाई दिने प्रमाण पत्रको नमुना

गौरीगङ्गा नगरपालिका नगर कार्यपालिकाको कार्यालय, चौमाला

कैलाली

**प्रमाण-पत्र**

गौरीगङ्गा नगरपालिका वडा नं ...... स्थित ........ मा गठन भएको................................. टोल विकास समितिलाई यस कार्यालयमा मिति..............................मा दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ । यस नगरपालीकाको आर्थिक, सामाजिक, भौतीक पुर्वाधार, शहरी सुशासन लगायतका क्षेत्रमा यस टोल विकास समितिको सहभागीताको अपेक्षाका साथै उत्तरोत्तर प्रगतीको शुभकामना व्यक्त गर्दछु ।

....................................

प्रमुख प्रशासकीय अधिकृत

आज्ञाले
वीर बहादुर शाही
प्रमुख प्रशासकिय अधिकृत

गौरीगंगा राजपत्र